# बसोबास योग्यता प्रमाणपत्रको मान्य अवधिसँग सम्बन्धित नयाँ प्रक्रियाबारे

| हालसम्मको प्रक्रिया | नयाँ प्रक्रिया |
|---|---|
| [1]दायरामा पर्ने बसोबास योग्यता (भिसा)<br>बसोबास योग्यता प्रमाणपत्र आवश्यक पर्ने सम्पूर्ण बसोबास योग्यता (भिसा) | [1]दायरामा पर्ने बसोबास योग्यता (भिसा)<br>बसोबास योग्यता प्रमाणपत्र आवश्यक पर्ने सम्पूर्ण बसोबास योग्यता (भिसा) |
| [2]दायरामा पर्ने क्षेत्र<br>सम्पूर्ण देश वा क्षेत्रहरू | [2]दायरामा पर्ने क्षेत्र<br>सम्पूर्ण देश वा क्षेत्रहरू |
| [3]दायरामा पर्ने बसोबास योग्यता प्रमाणपत्र<br>विशेष प्रतिबन्ध छैन | [3]दायरामा पर्ने बसोबास योग्यता प्रमाणपत्र<br>**2019 साल अक्टोबर 1 तारिखदेखि 2021 साल जनवरी 29 तारिखसम्ममा जारी गरिएको बसोबास योग्यता प्रमाणपत्र** |
| [4]मान्य मानिने अवधि<br>सामान्यतया "3 महिना" मान्य हुने प्रमाणपत्रको मान्य अवधि "6 महिना" गरिनेछ | [4]मान्य मानिने अवधि<br>**जापान प्रवेश प्रतिबन्ध हटाइएको दिनदेखि 6 महिना वा 2021 साल अप्रिल 30 तारिख मध्ये जुन पहिले आउँछ, त्यही दिनसम्म**<br>**(नोट1)देश प्रवेश प्रतिबन्ध हटाइएको दिन भनेको, हाल रहेको देश वा क्षेत्रमा "अवतरण अस्वीकार" तथा "जारी गरिसकेको भिसाको वैधतामा लगाइएको रोक", दुबै हटाइएको दिन हो।**<br>**(नोट2)देश प्रवेश प्रतिबन्ध लागू देश वा क्षेत्रमा उक्त प्रतिबन्ध हटाइने मितिको जानकारी न्याय मन्त्रालयको होमपेज(http://www.moj.go.jp/nyuukokukanri/kouhou/nyuukokukanri01_00155.html) मा प्रकाशित गरिने हुनाले, होमपेजमा गई निश्चय गर्नुहोस्।** |
| [5]मान्य मानिने सर्तहरू<br>अन्य देश वा क्षेत्रमा भएको जापानको दूतावास आदिमा भिसा जारी आवेदन दिँदा, जापान भित्र्याउने निकाय आदिले "यस पछि पनि, बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन दिएको बेलाको गतिविधि विवरण अनुसार जापान भित्र्याउन सम्भव छ" भनेर भनेको कुराको लिखित कागजात पेस गर्ने खण्डमा | [5]मान्य मानिने सर्तहरू<br>अन्य देश वा क्षेत्रमा भएको जापानको दूतावास आदिमा भिसा जारी आवेदन दिँदा, जापान भित्र्याउने निकाय आदिले "यस पछि पनि, बसोबास योग्यता प्रमाणपत्र जारी आवेदन दिएको बेलाको गतिविधि विवरण अनुसार जापान भित्र्याउन सम्भव छ" भनेर भनेको कुराको लिखित कागजात पेस गर्ने खण्डमा |